नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

नेपाली राजदूतावास
नयाँदिल्ली

मिति: २०७६/०६/३०

# सूचना

यस राजदूतावासबाट नेपाली नागरिकहरूलाई प्रदान गरिने राहदानी, विभिन्न सिफारिस, कन्सुलर प्रमाणीकरण लगायतका सेवाहरूका सम्बन्धमा नेपाल सरकारले अमेरिकी डलरमा निर्धारण गरेको शुल्कलाई मिति २०७६/०७/०१ तदनुसार १८ अक्टोवर २०१९ देखि लागू हुने गरी देहायबमोजिम भारतीय रूपैंयामा समायोजन गरी निर्धारण भएको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | उपलब्ध गराइने सेवा | प्रमाणीकरण दस्तुर प्रति कागजात | |
|---|---|---|---|
| | | अमेरिकी डलर | भारतीय रूपैंया |
| १ | कल्याणकारी प्रकारका सेवाहरू (अङ्ग प्रत्यारोपणका लागि सिफारिस, मृतकको शव सम्बन्धी कार्यको सिफारिस, घाइते तथा मृतकको क्षतिपूर्ति सम्बन्धी निवेदन वा अन्य यस्तै प्रकारका सेवाहरू) | नि:शुल्क | - |
| २ | नेपाली नागरिकहरूका लागि गर्नुपर्ने साधारण प्रकृतिका सिफारिस (जस्तै: रेल टिकट रिजर्भेसनको सिफारिस, कलेज तथा विद्यालय भर्ना सम्बन्धी सिफारिस, डेरा खोज्नका लागि आवश्यक पर्ने लगायतका सिफारिस) | नि:शुल्क | - |
| ३ | राहदानी | ८०।- | ५७००।- |
| ४ | मञ्जुरीनामा, जमानतपत्र, रोजगार सम्झौता, सेवा सम्झौता वा यस्तै प्रकारका श्रम सम्बन्धी सेवाहरू, विवाह दर्ता प्रमाणपत्र, नाता प्रमाणित, नागरिकता र लाइसेन्स, बैवाहिक अवस्थाको प्रमाणपत्र, जन्मदर्ता/ मृत्युदर्ता/सम्बन्ध विच्छेद प्रमाणपत्र, सबै प्रकारका निवेदन, जो जससँग सम्बन्धित छ वा अन्य यस्तै प्रकारका कागजातहरू | ४०।- | २८५०।- |
| ५ | शैक्षिक प्रमाणपत्र एवं अध्ययन प्रयोजनका लागि विद्यार्थीहरूलाई आवश्यक पर्ने विभिन्न सिफारिसहरू | ५।- | ३६०।- |
| ६ | श्रम गन्तव्य मुलुकहरूमा रहेका श्रमिकहरूलाई व्यक्तिगत रूपमा आवश्यक पर्ने विभिन्न सिफारिसहरू | १०।- | ७२०।- |
| ७ | बैंक तथा वित्तीय संस्थाबाट जारी भएका कागजात प्रतिलिपि प्रमाणीकरण वा बसाइसराइ वा प्रहरी प्रतिवेदन वा चिकित्सकको प्रमाणपत्र, एफिडेभिट, उत्पतिको प्रमाणपत्र वा यस्तै प्रकारका अन्य कागजातहरू | ५०।- | ३५७०।- |
| ८ | अधिकृत वारेसनामा | १००।- | ७१३०।- |
| ९ | बैदेशिक रोजगारसम्बन्धी माग पत्रका सम्बन्धमा निम्नानुसार गर्ने: | | |

| श्रमिक संख्या | मागपत्र सम्बन्धी कागजात प्रति सेटका लागि लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|
| | अमेरिकी डलर | भारतीय रूपैंया | माग पत्रसँग सम्बन्धित कागजात सच्याउनका लागि पुन: पेश गर्नु परेमा प्रति कागजात अमेरिकी डलर १०० वा भा.रू. ७१३०।- लाग्नेछ । |
| १-२५ | २५० | १७८२०।- | |
| २६-१०० | ३०० | २१३८०।- | |
| १०१ भन्दा बढी | ३५० | २४९४०।- | |